नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

## प्रधान कार्यालय
## कर्जा असुली विभाग

### ऋणी दि फुलबारी लिमिटेडसँग सम्बन्धित सुरक्षण जग्गा, भवन लगायतका चल-अचल सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने बारेको सहवित्तीयकरण बैंकहरुको तर्फबाट नेपाल बैंक लिमिटेडले जारी गरेको ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/०३)

साबिक गण्डकी अञ्चल, कास्की जिल्ला, साबिक छिनेडाँडा गा.वि.स. वडा नं. ९, हाल गण्डकी प्रदेश, पोखरा महानगरपालिका वडा नं. १५ स्थित पाँचतारे डिलक्स होटल स्थापना गरी सञ्चालन गर्नको लागि सिनामंगल काठमाण्डौमा कार्यालय रहेको नेपाल सरकार उद्योग मन्त्रालय, उद्योग विभागमा रजिष्टर्ड नं. १९५/०४८/०४९ अर्न्तगत दर्ता रहेको **दि फुलबारी लिमिटेड,** (सञ्चालक श्री पियुष बहादुर अमात्य समेत) ले सहवित्तीयकरण कर्जा अर्न्तगत अगुवा बैंक नेपाल बैंक लिमिटेड तथा सहभागी बैंकहरु राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, तत्कालीन नेपाल औद्योगिक विकास निगम (हाल राष्ट्रिय वाणिज्य बैंकमा गाँभिएको) र कर्मचारी सञ्चयकोष समेतबाट विभिन्न कर्जा शिर्षकमा लिएको रकमको लेनदेन सम्बन्धी लिखतमा उल्लिखित भाखाभित्र बुझाउनुपर्ने साँवा, र सोमा लागेको ब्याज/हर्जना समेत नबुझाई बाँकी राखेको तथा सो कर्जा राफसाफको लागी सहवित्तीयकरण बैंकहरु र ऋणी बीच भएको पुनरसंरचना/पुनरतालिकीकरण सम्झौताको शर्त समेत पालना नगरी समय गुजारीसकेको तथा सहवित्तीयकरण बैठकले कर्जा राफसाफ गर्न प्रदान गरेको समयमा तिर्नु बुझाउनु पर्ने रकम नबुझाई शर्त बन्देज पालना नगरेको र कर्जा लिखतको शर्त बन्देज तथा पुनरसंरचना/पुनरतालिकीकरण सम्झौताको शर्त बन्देज र सहवित्तीयकरणमा सहभागी बैंक तथा वित्तीय संस्थाको नियम उल्लंघन गरेको हुँदा सहभागी बैंक तथा वित्तीय संस्थालाई लेखिदिएको सुरक्षण पारिपासु तमसुकमा उल्लेख गरिएको शर्त बन्देज र सहभागी बैंक तथा वित्तीय संस्थालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी पारिपासु तमसुकमा उल्लेख गरे बमोजिम ऋणी कम्पनीको नाममा रहेको तपसिलमा लेखिए बमोजिमका चल-अचल सम्पत्ति साथै कम्पनीको नाममा पछि थप भएको चल-अचल सम्पत्तिहरुसमेत जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा उक्त चल अचल सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट आफूले के-कति मूल्य तिरी हक हस्तान्तरण गरी लिने हो मूल्य खोली नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट उपलब्ध गराएको फाराम रितपूर्वक भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन सम्बन्धित कार्यालयमा उपस्थित भई आफुले सकार गरी लिन चाहेको मूल्यमा निम्नानुसारको शर्त तथा बन्देजहरु पालना गरी गोप्य सिलबन्दी बोलपत्र बैंकको कर्जा असुली विभागमा पेश गर्नुहुन यो गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

## तपसिल

I. साबिक गण्डकी अञ्चल, कास्की जिल्ला साबिक छिनेडाँडा गा.वि.स. वडा नं. ९ हाल पोखरा महानगरपालिका वडा नं. १५ स्थित दि फुलबारी लि. को नाममा रहेका निम्न बमोजिमका कि.नं. र क्षेत्रफल (रोपनी) भएका जग्गाहरु र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| क्र.सं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|
| १. | १२२३ | ३-०-०-० |
| २. | १०५७ | ०-४-२-० |
| ३. | १०६३ | १-११-२-० |
| ४. | १०५८ | ०-५-२-० |
| ४. | १०६० | ०-१०-२-० |
| ६. | १०६४ | ४-०-०-० |
| ७. | १४७७ | १६-६-०-३ |

| क्र.सं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|
| १६. | १३९३ | ०-१-०-० |
| १७. | ९४३ | ०-१०-०-० |
| १८. | १३९५ | २-११-०-० |
| १९. | १३९० | ०-१२-०-० |
| २०. | १३९२ | ०-४-०-० |
| २१. | १०२३ | ५-१४-१-० |
| २२. | १३६९ | २-८-०-० |

| क्र.सं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|
| ३१. | ११६५ | १-०-०-० |
| ३२. | १७८३ | ०-६-२-० |
| ३३. | १७८६ | ०-९-२-१ |
| ३४. | १८९४ | १-१०-०-० |
| ३५. | १८९७ | ०-१४-०-१ |
| ३६. | ८३६ | २-५-०-० |
| ३७. | ८४१ | ३-०-२-० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | १४७४ | ०-४-०-० | २३. | १३९४ | १-०-०-० | ३८. | १८४१ | २-२-०-१ |
| ९. | १०६२ | २०-५-१-० | २४. | १३६८ | २-८-०-० | ३९. | ८४२ | ३-५-३-० |
| १०. | १२२४ | १४-४-३-० | २५. | १७८५ | २-७-०-१ | ४०. | ११९७ | ०-६-०-० |
| ११. | १०६१ | २-०-०-० | २६. | १७८८ | १-१२-०-० | ४१. | १२०० | १-२-०-० |
| १२. | १०२२ | ५-०-०-० | २७. | १७८४ | १-६-०-० | ४२. | १२०८ | ०-६-०-० |
| १३. | १०६६ | ५-१३-०-० | २८. | १७८७ | १-१४-०-० | ४३. | १६२६ | २-२-२-० |
| १४. | १२६६ | २-१५-०-२ | २९. | १०९० | १-८-०-० | ४४. | १६२५ | ०-८-०-० |
| १५. | १३९१ | ०-४-१-१ | ३०. | ११६६ | १-११-२-१ | ४५. | ३७७१ | ०-९-१-२ |
| **जम्मा क्षेत्रफल १२४-११-१-१ (रोपनी)** | | | | | | | | |

२. साबिक गण्डकी अञ्चल, कास्की जिल्ला साबिक छिनेडाँडा गा.वि.स. वडा नं. ९ हाल पोखरा महानगरपालिका वडा नं. १५ स्थित ऋणी कम्पनी दि फूलवारी लिमिटेडको कार्यकारी अध्यक्ष पियुष बहादुर अमात्यको नाममा रहेका निम्न बमोजिमका कि.नं. र क्षेत्रफल (रोपनी) भएका जग्गाहरु र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| **क्र.सं.** | **कि.नं.** | **क्षेत्रफल** | **क्र.सं.** | **कि.नं.** | **क्षेत्रफल** | **क्र.सं.** | **कि.नं.** | **क्षेत्रफल** |
|---|---|---|---|---|---|---|---|---|
| १. | १२०७ | ०-११-३-० | ३. | १२०६ | १-९-२-० | ५. | १२०४ | ०-३-०-० |
| २. | ८३९ | ३-०-०-० | ४. | १२०२ | ०-१०-२-० | | **जम्मा** | **६-२-३-० (रोपनी)** |

३. साबिक गण्डकी अञ्चल, कास्की जिल्ला साबिक छिनेडाँडा गा.वि.स. वडा नं. ९ हाल पोखरा महानगरपालिका वडा नं. १५ स्थित गंगा अमात्यको नाममा रहेका निम्न बमोजिमका कि.नं. र क्षेत्रफल (रोपनी) भएका जग्गाहरु र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| **क्र.सं.** | **कि.नं.** | **क्षेत्रफल** |
|---|---|---|
| १ | १२८७ | ३-०-०-० |
| २ | १३७९ | १-७-१-२ |
| ३ | १२८६ | ३-०-०-० |
| **जम्मा ७-७-१-२ (रोपनी)** | | |

माथि उल्लेखित जग्गा साथै कम्पनीसँग सम्बन्धित सम्पूर्ण चल-अचल सम्पत्ति र उपरोक्त जग्गाहरुमा बनेको भवन, कारखाना, टहरा, कम्पाउण्ड पर्खाल लगायतका सम्पूर्ण श्रीसम्पत्ति तथा सो भवन, कारखानामा हाल जडान भईरहेको सम्पूर्ण मिल मेशिनरी, औद्योगिक उपकरण र सम्पूर्ण लिगलगापात समेत ।

## शर्त तथा बन्देज

१. बोलपत्र फाराम दस्तुर रु.५,०००/- (पछि फिर्ता नहुने गरी) जम्मा गरेपछि प्रधान कार्यालय, कर्जा असुली विभाग, धर्मपथ, काठमाण्डौबाट उपलव्ध गराइनेछ ।

२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको “सम्बन्धित जग्गा, मिल मेशिनरी, घर, टहरा खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र” भनी उल्लेख गर्नुपर्नेछ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन अर्थात मिति २०७९/०४/०५ गते भित्र, उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र गोप्य सिलबन्दी बोलपत्र पेश गरिसक्नुपर्नेछ ।

४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको न्युनतम १० प्रतिशतले हुने रकम नगदै यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ३ (तीन) महिनाको म्याद भएको सहवित्तीयकरणमा सहभागी बैंकहरु (नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड) बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन दिनको १:०० बजे पछि यस बैंकको प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु तथा सरकारी प्रतिनिधिहरुको रोहवरमा सिलबन्दी बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

६. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पत्रमार्फत दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। सोको कारण बोलपत्रदातालाई दिइने छैन ।

८. सुरक्षणसँग सम्बन्धित कागजात हेर्न चाहने बोलपत्रदाताले यस बैंकको प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा ने.बै.लि., प्रादेशिक कार्यालय, गण्डकी प्रदेश, पृथ्वीचोक, पोखरामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।

९. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म/कम्पनी वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ ।

१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ। फर्म/कम्पनीले खरिद गर्ने भएमा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

११. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुने छैन ।

१२. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१३. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।